राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 21, Issue 4 No. 140 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Magh-Falgun 2078 (Feb.-March 2022)

## विविध कार्यक्रम र अफरसहित कम्पनीको वार्षिकोत्सव सम्पन्न



नेपाल टेलिकमले आफ्नो स्थापनाको १८औं वार्षिकोत्सव कार्यक्रम २०७८ माघ २२ गते सम्पन्न गरेको छ । कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव सम्बन्धी कार्यक्रम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ अर्यालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

समारोहमा कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय ज्ञानेन्द्र बहादुर कार्कीले मुलुकको दूरसञ्चार क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धामा कम्पनीलाई अग्रणी तथा जिम्मेवार सेवा प्रदायकको रुपमा निरन्तर स्थापित गर्न राष्ट्रिय गौरवको एलटीई प्रविधिको फोरजी आयोजना र मध्यपहाडी राजमार्गमा अप्टिकल फाइबर बिछ्याई सूचना महामार्ग निर्माण गर्न राज्यले सुम्पिएको

*(बाँकी २ पेजमा)*

## Best Telecommunication Brand 2021

नेपाल टेलिकमले नेपालको 'वेस्ट टेलिकम्युनिकेसन ब्राण्ड २०२१' अवार्ड प्राप्त गरेको छ । ब्रिटिश म्यागजिन Global Business Outlook ले नेपाल टेलिकमलाई नेपालमा सेवा प्रदान गरिरहेका दूरसञ्चार सेवा प्रदायकहरुमध्येबाट उत्कृष्ट सेवा प्रदायकका रुपमा छनौट गरी "Best Telecommunication Brand in Nepal for 2021" अवार्ड प्रदान गरेको हो । उक्त म्यागजिनले प्रत्येक वर्ष बैंकिङ, दूरसञ्चार, स्टार्टअप्स लगायतका विधामा कार्य गर्ने कम्पनीहरुलाई सम्मान प्रदान गर्दछ । गत सेप्टेम्बर महिनामा सो अवार्ड घोषणा गरिएको थियो र हालै कम्पनीले प्राप्त गरेको हो ।



*अवार्डका साथ निमित्त प्रबन्ध निर्देशक प्रतिभा वैद्य, नायव प्रबन्ध निर्देशकहरु र अन्य उच्च अधिकारीहरु ।*




## थप सहुलियत र आकर्षक सुविधासहितको विन्टर अफर

नेपाल टेलिकमले २०७८ माघ ३ गतेदेखि लागु हुनेगरी विन्टर अफर २०७८ (Winter Offer 2078) उपलब्ध गराएको छ । कम्पनीले पहिले उपलब्ध गराइरहेको अटम अफर (Autumn Offer) लाई ग्राहकहरुको रुचि अनुसार परिमार्जन गरी थप आकर्षक बनाएर विन्टर अफर उपलब्ध गराएको हो ।

अफर अन्तर्गत कम्पनीले पहिलेदेखि नै उपलब्ध गराइरहेको सजिलो अनलिमिटेड प्रिपेड डाटा अफरमा थप सुविधासहितको प्याकेज समेत उपलब्ध गराएको छ । पहिले २८ दिनका लागि रु. ५९९ मा लिन सकिने "सजिलो अनलिमिटेड प्रिपेड ५९९" मात्र उपलब्ध भइरहेकोमा अब "सजिलो अनलिमिटेड प्रिपेड ७९९", "सजिलो अनलिमिटेड प्रिपेड ९९९" र "सजिलो अनलिमिटेड प्रिपेड १४९९" प्याक समेत उपलब्ध हुने भएको छ । यसमा ग्राहकलाई अनलिमिटेड भ्वाइस कल र निश्चित डाटा (प्रतिदिन क्रमशः १ जीबी, २ जीबी र ४ जीबी) लगायका सेवाहरु उपलब्ध गराइएको छ । डाटा प्याक सकिए पनि ग्राहकहरु बिना इन्टरनेट रहनु नपरोस् भनी अतिरिक्त शुल्क बिना नै सीमित गतिमा इन्टरनेट प्रयोग गर्न सकिने सुविधा यी प्याकहरुको विशेषता हो ।

सस्तो प्रिपेड कम्बो प्याकमा पनि थप सुविधा उपलब्ध गराइएको छ । यस अन्तर्गत अब रु. २९९ मा २८ दिनसम्म १५० मिनेट अन-नेट भ्वाइस कलका साथै २० वटा एसएमएस र २ जीबी डाटा समेत उपलब्ध हुनेछन् ।

यसैगरी, नेपाल टेलिकमले भ्वाइस ओभर एलटीई (भीओएलटीई) सेवा प्रयोगकर्ताहरुका लागि उपलब्ध गराइरहेको विभिन्न अफरलाई निरन्तरता दिएको छ । पहिलो पटक यो सेवा एक्टिभेट गर्ने ग्राहकका लागि २८ दिनसम्म प्रयोग गर्न सक्नेगरी निःशुल्क १०० मिनेट अन-नेट कलको सुविधा उपलब्ध गराइएको छ । साथै फोरजी होम ब्रोडब्यान्ड लिने ग्राहकका लागि मासिक र वार्षिक रुपमा लिन सकिने वेसिक र प्रिमियम प्याकेज उपलब्ध गराइएको छ ।

यी बाहेक पहिलेदेखि नै उपलब्ध अधिकांश अफरलाई निरन्तरता दिइएको छ । अफर प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्नेछ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ ।

(१ पेजको बाँकी)

# विविध कार्यक्रम ...

अभिभारा निर्धारित समयमा नै सम्पन्न गर्न निर्देशन दिनुभयो । सो अवसरमा उहाँले देशका सबै स्थानीय तहमा तीव्र गतिको इन्टरनेट सुविधा पुर्‍याई मुलुककै आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रको विकास तथा आम जनतालाई छिटो र प्रविधिमैत्री सेवा पुर्‍याउने गुणस्तरीय एफटीटीएच सेवाको विस्तार मागबमोजिम गर्नुपर्ने बताउनु भयो । कम्पनीका सेवाहरु सुपथ र आकर्षक रहेपनि आम सेवाग्राहीबीच यिनको प्रचार नभएकोतर्फ इंगित गर्दै उहाँले यसतर्फ विशेष ध्यान पुर्‍याउनु पर्ने उल्लेख गर्नुभयो । कोभिड १९ को महामारी र देशभित्रका प्राकृतिक विपत्तिका अवस्थामा पनि सामाजिक उत्तरदायित्व वहन गर्दै जनचेतनामूलक सन्देश प्रवाह र सूचना सम्प्रेषणमा कम्पनीले पुर्‍याएको योगदानप्रति माननीय मन्त्रीले धन्यवाद व्यक्त गर्नुभयो । सोही कार्यक्रममा प्रमुख अतिथिबाट भर्चुअल माध्यमबाटै कम्पनीको अठारौं वार्षिकोत्सवको उपलक्ष्यमा तयार पारिएको स्मारिकाको भर्चुअल बिमोचन र भोल्टी (VoLTE) सेवाको व्यावसायिक शुभारम्भ गरिएको थियो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ अर्यालले ग्राहकसंख्या मात्र बढाएर नपुग्ने उल्लेख गर्दै सक्रिय ग्राहकसंख्याको बढोत्तरी र राजस्वमा वृद्धि हुनुपर्ने तर्फ सचेत गराउनु भयो । उहाँले 'कम्पनीका सेवाहरु यति दिगो र गुणस्तरिय हुनुपर्‍यो कि एकपटक प्रयोग गरिसकेपछि ग्राहकले यसलाई छाड्नै नसकुन्' भन्नुभयो । उहाँले यस्तो सेवा मुलुकभर विस्तार गर्न कम्पनीलाई बाधा पारेका पक्षहरुको पहिचान गरी चुनौतीको सामना गर्नुपर्ने बताउनु भयो ।




कोभिडको समयमा पनि निरन्तर रुपमा सेवाहरु उपलब्ध गराइरहन सहयोग पुर्‍याउने सम्बन्धित निकायहरु र कर्मचारीवर्गलाई उहाँले धन्यवाद दिनुभयो ।

सो कार्यक्रमका विशेष अतिथि नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले शुभकामना मन्तव्यकै क्रममा ग्राहकको चाहना बमोजिमका गुणस्तरीय सूचना प्रविधिसम्बन्धी सेवाहरु प्रदान गर्नु नेपाल टेलिकमको पहिलो दायित्व भएको बताउनु भयो । उहाँले उपभोक्ताको सन्तुष्टिलाई मुख्य आधार मानी सेवा प्रदान गर्नु कम्पनीको प्रमुख चुनौती रहेको पनि उल्लेख गर्नुभयो ।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक प्रतिभा वैद्यले कम्पनीको समग्र अवस्थाका बारेमा जानकारी गराउँदै कम्पनीले १८औं वार्षिकोत्सवका अवसरमा मुलुकभर फोरजी मोबाइलमा चलाउन मिल्नेगरी आकर्षक विशेषतासहितको भोल्टी (VoLTE) सेवाको व्यावसायिक शुरुवात गरेको जानकारी गराउनु भयो । कम्पनीको १८औं वार्षिकोत्सवको अवसरमा 'एनटी एन्निभर्सरी अफर' अन्तर्गत जम्मा रु. २९४ मा २० जीबी डाटा १० दिनसम्म, रु. ९८ मा ६ जीबी डाटा ३ दिनसम्म र रु. ६९ मा माघ १७ गतेदेखि फागुन ३ गते (फेब्रुअरी १ देखि १५) सम्म हरेक दिन एक एमबिपिएस डाटा प्रयोग गर्न सकिने प्याक उपलब्ध गराइएको थियो । वार्षिकोत्सवको दिन माघ २२ गते २४ घण्टाका लागि कम्पनीको नेटवर्क भित्र भिओएलटीई कल निःशुल्क समेत गरिएको थियो ।

वार्षिकोत्सवकै अवसरमा कम्पनीका विभिन्न सेवाहरु कुल १४ वटा अनाथालय र वृद्धाश्रममा सहयोगस्वरुप निःशुल्क उपलब्ध गराउने, सातै प्रदेशका कम्तिमा एक/एकवटा सरकारी र सामुदायिक विद्यालयहरुमा खेलकुद सामग्री र निःशुल्क डाटा सेवा उपलब्ध गराउने, सदर चिडियाखाना जावलाखेलमा रहेका बाघ लगायतका जनावर र चराचुरुंगीहरुका लागि एक वर्षसम्म आहाराको प्रायोजन गरिने उहाँले बताउनु भएको थियो ।

यसैगरी कम्पनीका सबैभन्दा बढी रिचार्ज कार्ड बिक्री गर्ने सातै प्रदेशका बिक्रेताहरु र एमपोस बिक्रेता, कम्पनीका विभिन्न सेवाको सबैभन्दा बढी राजस्व बुझाउने सेवाग्राहीहरुलाई सम्मान र पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

# संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामग्री हस्तान्तरण

नेपाल टेलिकमले ललितपुरको हात्तिवनस्थित नवकिरण अनाथ असहाय बाल उत्थान समाजलाई विभिन्न शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । नेपाल टेलिकमको १८औं वार्षिकोत्सवको अवसरमा गत माघ १८ गते निमित्त प्रबन्ध निर्देशक प्रतिभा वैद्यले समाजको आश्रममै गई ती सामग्री हस्तान्तरण गर्नुभएको हो । सो अवसरमा प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडीको समेत उपस्थिति रहेको थियो ।

कम्पनीले समाजमा आश्रित ५१ विद्यार्थीका लागि ५१ थान खानेपानीको बोतल र २५५ थान कापी उपलब्ध गराएको हो । यसअघि कम्पनीले काभ्रेको धुलिखेलस्थित सहारा चिल्ड्रेन्स होममा समेत यस प्रकारका शैक्षिक सामग्री उपलब्ध गराइसकेको छ ।

गत वर्षको वार्षिकोत्सवमार्फत घोषणा गरिएको कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रम अन्तर्गत नेपाल टेलिकमले देशभर रहेका विभिन्न विद्यालयहरुलाई निरन्तर विभिन्न प्रकारका शैक्षिक सामग्री र फर्निचरहरु उपलब्ध गराइरहेको छ । यस अन्तर्गत प्रदेश नम्बर १ का ५, मधेश प्रदेशका १०, वागमती प्रदेशका २, गण्डकी प्रदेशको १, लुम्बिनी प्रदेशको १, कर्णाली प्रदेशको १ र सुदूरपश्चिम प्रदेशको १ विद्यालयलाई कापी र झोलालगायतका शैक्षिक सामग्रीहरु प्रदान गरिएको छ । विशेष गरी तराई क्षेत्रमा सञ्चालित कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरु अध्ययनरत विद्यालयहरुमा शैक्षिक सामग्री उपलब्ध गराउने कम्पनीको योजना रहेको छ ।

यसैगरी देशभर सातै प्रदेशका विभिन्न सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्री वितरण र क्यान्सर काउन्सिल, नेपालको सहकार्यमा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम पनि सम्पन्न भएको छ ।

कम्पनीको १८ औं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वतर्फ यस आर्थिक वर्षमा सम्पन्न गर्नका लागि विभिन्न कार्यक्रमहरु तय गरिएको छ । यस अनुसार सातै प्रदेशका एक/एक वटा अनाथाश्रम र वृद्धाश्रमहरु छनौट गरी जम्मा १४ वटा आश्रममा FTTH (25 Mbps+Voice+ NT TV) Triple play Package १ वर्षको लागि सहयोगस्वरुप निःशुल्क उपलब्ध गराइने छ । यसैगरी छनौट भएका अनाथाश्रम र वृद्धाश्रमहरुमा १४ वटा टीभी सेट समेत उपलब्ध गराइने छ । वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुको लागि शारीरिक व्यायाममा सघाउ पुग्ने र स्वस्थ जीवन जीउन सघाउने खालका उपकरणहरु पनि उपलब्ध गराइने योजना रहेको छ । कर्णाली प्रदेश लगायत पिछडिएका क्षेत्रहरुका सरकारी र सामुदायिक विद्यालयहरुमा महिला स्वास्थ्यमा सहयोगी हुने स्वास्थ्य सामग्रीहरु उपलब्ध गराइने छ ।



सातै प्रदेशका कम्तिमा एक/एकवटा सरकारी र सामुदायिक विद्यालयहरुमा खेलकुद सामग्री वितरण गरिने छ । कम्पनीको FTTH सेवा उपलब्ध भएका क्षेत्रका ५० वटा सरकारी र सामुदायिक विद्यालयमा एक वर्षको लागि 25 Mbps Speed को FTTH इन्टरनेट निःशुल्क उपलब्ध गराइने छ । अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता सम्बन्धी महासंघको सिफारिशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT)सँग समन्वय गरी सीपमूलक तालिम उपलब्ध गराइने छ ।

सातै प्रदेशका एक/एक वटा धार्मिक, साँस्कृतिक सम्पदा वा सार्वजनिक क्षेत्रमा सरसफाई कार्यका लागि प्रयोग हुने सामग्रीहरु फोहोर राख्ने भाँडा, बेन्च आदि सहयोग गरिने छ । यस अन्तर्गत प्रदेश १ को पाथीभरा मन्दिर, मधेश प्रदेशको जानकी मन्दिर, वागमती प्रदेशको पलाञ्चोक भगवती मन्दिर, गण्डकी प्रदेशको मनकामना मन्दिर, लुम्बिनी प्रदेशको स्वर्गद्वारी मन्दिर, कर्णाली प्रदेशको सुर्खेतस्थित देउतीबज्यै र सुदूरपश्चिम प्रदेशको टिकापुर पार्कलाई उल्लिखित सहयोग सामग्री प्रदान गरिने छ । साथै सदर चिडियाखाना, जावलाखेलमा रहेका जनावरमध्ये एउटा बाघ र पंक्षीहरुका लागि १ वर्षसम्म आहाराको प्रायोजन समेत गरिने छ ।

# आवश्यक डिभाइससहित 4G LTE नमस्ते वाईफाई विस्तार गरिने



एफटीटीएच उपलब्ध नभएका सुगम स्थानहरु र अधिकांश दुर्गम स्थानहरुमा द्रुत गतिको डाटा तथा भ्वाइस सेवा उपलब्ध गराउन नेपाल टेलिकमले 4G LTE नमस्ते वाईफाई विस्तार गर्ने भएको छ । कम्पनीले 4G LTE नमस्ते वाईफाई सेवाका विभिन्न आकर्षक प्याकेजहरु उपलब्ध गराइरहेको छ । कम्पनीले उपलब्ध गराइरहेका यी प्याकेजहरु आवश्यक डिभाइससहित ग्राहकवर्गलाई सहज रुपले प्राप्त होस् भनी नेपाल टेलिकम र साइबरनेटिक्स प्रा.लि.बीच सम्झौता सम्पन्न भएको छ । २०७८ माघ ५ गते सम्पन्न सम्झौतामा कम्पनीका प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी र साइबरनेटिक्स प्रा.लि. का सीईओ जेम्स न्याछ्योंले हस्ताक्षर गर्नुभएको छ ।

4G LTE नमस्ते वाईफाईमार्फत नेपाल टेलिकमले हाल Individual Package र Government Institution Package गरी दुई प्रकारका प्याकेजहरु उपलब्ध गराइरहेको छ । Individual Package अन्तर्गत रु. ८०० मा होम ब्रोडब्यान्ड बेसिक ६० GB ३० दिनका लागि उपलब्ध छ । त्यसैगरी १ वर्षका लागि रु. ९००० मा ७२० GB प्याक उपलब्ध छ । यसलाई प्रतिमहिना ६० GB को दरले १२ महिनासम्म प्रयोग गर्न सकिन्छ । यी दुवैमा एड अन प्याकको रुपमा रु. ४०० मा १५ दिनका लागि ६० GB प्याक थप गर्न सकिन्छ ।

होम ब्रोडब्यान्ड प्रिमियम अन्तर्गत रु. १,२०० मा १२० GB प्याक ३० दिनको लागि उपलब्ध हुन्छ । त्यसैगरी १ वर्षका लागि रु. १३,५०० मा १,४४० GB प्याक उपलब्ध हुन्छ । यसलाई प्रतिमहिना १२० GB को दरले १२ महिनासम्म प्रयोग गर्न सकिन्छ । यी दुवैमा एड अन प्याकको रुपमा रु. ६०० मा १५ दिनका लागि १२० GB प्याक थप गर्न सकिन्छ ।

Government Institution Package मा रु. ३,६५० र रु. २,१०० मा ३० दिनका लागि विभिन्न प्रकारका प्याकेजहरु उपलब्ध छन् । यी प्याकेजबाट अनलिमिटेड डाटा चलाउन सकिन्छ । वार्षिक र अर्धवार्षिक रुपमा एकमुष्ट प्याकेज लिने ग्राहकका लागि निश्चित छुटको समेत व्यवस्था गरिएको छ ।

4G LTE नमस्ते वाईफाई सेवाको प्याकेज र यसको दर सम्बन्धमा विस्तृत जानकारी https://www.ntc.net.np/ post/4g-wireless-home-broadband मा उपलब्ध छ । हाल देशका अधिकांश स्थानमा फोरजी सेवा पुगिसकेको र घरमा वा कार्यालयमा द्रुत गतिको इन्टरनेट विभिन्न डिभाइसमार्फत चलाउन इच्छुक सेवाग्राहीको संख्या वृद्धि हुँदै गएकोले यो सेवा प्रभावकारी र आकर्षक हुने अपेक्षा गरिएको छ ।

# सस्तो भयो अन्तर सेवा प्रदायकको कलमा लाग्ने शुल्क

नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको अन्तरआबद्धता निर्देशिका (Interconnection Guideline २०७६) अन्तर्गत अन्तर्देशीय अन्तरआबद्धता (Domestic Interconnection) मा उल्लेख गरिएको प्रावधान अनुसार कुनैपनि दूरसञ्चार सेवा प्रदायकका ग्राहकले अर्को दूरसञ्चार सेवा प्रदायकको नेटवर्कमा रहेका ग्राहकलाई टेलिफोन तथा एसएमएस गर्दा लागु हुने "अन्तरआबद्धता शुल्क" नेपाल टेलिकमले मिति २०७८ माघ १८ गते देखि लागु गरेको छ ।

नेपाल टेलिकमका ग्राहकवर्गले अर्को सेवा प्रदायकको नेटवर्कमा रहेका ग्राहकलाई भ्वाइस कल गर्दा लागु गर्नुपर्ने महशुलदर स्वीकृतिका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पठाएकोमा नेपाल दूरसञ्चार प्राधिकरणको मिति २०७८ माघ १६ र १८ गतेको निर्णयानुसार स्वीकृत भई आएकोले परिमार्जित महशुल दर मिति २०७८ माघ १८ गते (तदनुसार १ फेब्रुअरी २०२२) देखि कार्यान्वयनमा ल्याइएको हो ।

नयाँ अन्तर्देशीय अन्तरआबद्धता कार्यान्वयन भए पश्चात् एउटा सेवा प्रदायकको नेटवर्कमा रहेको ग्राहकले अर्को सेवा प्रदायकको नेटवर्कमा रहेको ग्राहकलाई कल गर्दा लागु हुने महशुल दर परिमार्जन भई शुल्कमा कमी आउने छ । सो अनुसार कम्पनीको तारवाला फोनबाट अर्को सेवा प्रदायकको मोबाइलमा कल गर्दा महशुल दर प्रति मिनेट एक रुपैयाँ १० पैसा मात्र कायम हुनेछ । यसैगरी कम्पनीको जीएसएम, सीडीएमए र सि फोन पोस्टपेडबाट अर्को सेवाप्रदायकको नेटवर्कमा कल गर्दा महशुलदर प्रति मिनेट एक रुपैयाँ ८ पैसा तथा कम्पनीको जीएसएम, सीडीएमए र सि फोन प्रिपेड सेवाबाट अर्को सेवा प्रदायकको नेटवर्कमा कल गर्दा महशुलदर प्रति मिनेट एक रुपैयाँ ६२ पैसा कायम हुनेछ । साथै, कम्पनीको जीएसएम तथा सीडीएमए सेवाको पोस्टपेड र प्रिपेडबाट अन्य सेवा प्रदायकको नेटवर्कमा सन्देश पठाउँदा लाग्ने शुल्क प्रति सन्देश एक रुपैयाँ १० पैसा कायम हुनेछ ।

# वार्षिकोत्सवको अवसरमा सम्मान तथा पुरस्कार





नेपाल टेलिकमले १८औं वार्षिकोत्सवको अवसरमा ठुला सेवाग्राही, सबभन्दा राम्रो व्यापार गर्ने आधिकारिक बिक्रेता एवं उत्कृष्ट काम गर्ने कार्यालयहरुलाई पुरस्कृत गरेको छ । नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी र अन्य उच्च पदस्थ पदाधिकारीहरुको उपस्थितिमा उक्त पुरस्कार वितरण समारोह सम्पन्न भएको थियो ।

सो अवसरमा मिति २०७७ माघ ०१ गतेदेखि २०७८ पौष मसान्तसम्ममा रिचार्ज सेवातर्फ तोकिएको लक्ष्य पुरा गरी सबैभन्दा बढी रकमको कारोबार गर्ने सातवटै प्रदेशहरुबाट एक/एक जना गरी ७ जना र MPOS तर्फ एक जना गरी जम्मा ८ जना बिक्रेताहरुलाई कदरपत्र सहित सम्मान गरिएको थियो । यसका साथै सम्मानित बिक्रेताहरुले प्रयोग गरिरहनुभएका नेपाल टेलिकमको मोबाइलमा १ वर्षसम्मको लागि मासिक रु.१,४९९।- को सजिलो अनलिमिटेड रेन्टल प्याक निःशुल्क उपलब्ध गराइएको छ । यस अनुसार MPOS तर्फ काठमाडौंको हात्तिसारमा अवस्थित एफवान सफ्ट इन्टरनेसनल प्रा.लि. सम्मानित भएको छ ।

रिचार्ज कार्ड बिक्रीतर्फ प्रादेशिक निर्देशनालय, विराटनगर अन्तर्गत सुनसरीको इटहरीस्थित इस्टर्न म्यानेजमेन्ट प्रा.लि, प्रादेशिक निर्देशनालय वीरगन्ज अन्तर्गत सिराहाको लहानस्थित नीव सप्लायर्स, वागमती प्रादेशिक निर्देशनालय काठमाडौं अन्तर्गत बाँकेको नेपालगञ्जस्थित ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि. र प्रादेशिक निर्देशनालय पोखरा अन्तर्गत काठमाडौंको पुतलीसडकस्थित हारती कम्प्युटर सर्भिसेस प्रा.लि. पुरस्कृत भएका छन् । त्यसैगरी प्रादेशिक निर्देशनालय भैरहवा अन्तर्गत काठमाडौंको सामाखुसीस्थित लाङटाङ इन्फो प्रा.लि., प्रादेशिक निर्देशनालय सुर्खेत अन्तर्गत बाँकेको नेपालगन्जस्थित ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि. र प्रादेशिक निर्देशनालय अत्तरिया अन्तर्गत कञ्चनपुरको महेन्द्रनगरस्थित एस.एम.टि.एस. मल्टी बिजनेस प्रा.लि. सम्मानित भएका छन् ।

२०७७ माघ ०१ गतेदेखि २०७८ पौष मसान्तसम्म कम्पनीका सेवाहरु Mobile Postpaid & Mobile Prepaid, PSTN, Leased Line, FTTH प्रयोगका आधारमा सर्वाधिक बिल भुक्तानी गर्ने ग्राहकहरु एक/एक जना गरी जम्मा ५ जनालाई कदरपत्रसहित सम्मान गर्नुका साथै उहाँहरुले प्रयोग गर्नुहुने नेपाल टेलिकमको मोबाइलमा १ वर्षको लागि मासिक रु. १,४९९ सजिलो अनलिमिटेड रेन्टल प्याक निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ । यस अनुसार ल्यान्डलाइन (PSTN) सेवातर्फ काठमाडौंको सुन्धारास्थित केन्द्रीय कारागार कार्यालय, प्रिपेड मोबाइलतर्फ वीरगन्जको रानीघाटका रमेश कुमार शाह र पोस्टपेड मोबाइलतर्फ काठमाडौंको बसुन्धराका हेम बहादुर गुरुङ सम्मानित हुनुभएको छ । त्यसैगरी FTTH सेवातर्फ नवलपरासीको गैंडाकोटस्थित गैंडाकोट साकोस र लिज लाइनतर्फ काठमाडौंको राष्ट्रिय सूचना प्रविधि केन्द्र पुरस्कृत भएका छन् ।

सात वटै प्रदेशका सबैभन्दा धेरै पाठशाला CUG सिम वितरण गर्ने एक/एकवटा लेखा कार्यालयहरु र ISSD Billing Team गरी जम्मा ८ वटा कार्यालयहरुलाई कदरपत्र प्रदान गरिएको छ । यस अनुसार दू.सं.का. विर्तामोड, दू.सं.का. जनकपुर, दू.सं.का. बनेपा, दू.सं.का. पोखरा, दू.सं.का. गुल्मी, दू.सं.का. सुर्खेत र दू.सं.का. धनगढी तथा सूचना प्रणाली सहयोगी निर्देशनालय, जावलाखेललाई पुरस्कृत गरिएको छ ।

प्रदेश नं. १ र मधेश प्रदेशका लेखा कार्यालयहरुबाट गुणात्मक रुपमा सबैभन्दा बढी तराई सिम वितरण गर्ने २ वटा कार्यालयहरु दू.सं.का. विराटनगर र दू.सं.का. हरिवनलाई सम्मानसहित कदरपत्र प्रदान गरिएको छ ।

Kathmandu Team Championship ब्याडमिन्टन प्रतियोगितामा प्रथम भई कम्पनीलाई Champion Trophy दिलाउन सफल सात जना ब्याडमिन्टन खेलाडीहरुलाई नगद पुरस्कार सहित कदरपत्र प्रदान गरिएको छ । विगतका वार्षिकोत्सव कार्यक्रमहरुमा जस्तै कम्पनीमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक प्रदान गरिएको छ ।

# नेपाल टेलिकमले जित्यो कर्पोरेट ब्याडमिन्टन उपाधि, खेलाडीहरु सम्मानित



नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले काठमाडौं ब्याडमिन्टन क्लबद्वारा आयोजित काठमाडौं टिम च्याम्पियनसिप ब्याडमिन्टन-२०२१ मा नेपाल टेलिकमलाई प्रथम गराई रनिङ ट्रफी जिताउन सफल नेपालका राष्ट्रिय खेलाडी तथा कम्पनीका खेलाडीहरुलाई एक कार्यक्रमकाबीच गत पुस १२ गते सम्मान गर्नुका साथै बधाई ज्ञापन गर्नुभएको छ। केन्द्रीय कार्यालयमा आयोजित सम्मान कार्यक्रममा उहाँले सहभागी खेलाडीहरुप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा थप सफलताको शुभकामना व्यक्त गर्नुभयो। उहाँले कम्पनीको वार्षिकोत्वका अवसरमा खेलाडीहरुलाई नगद सहित प्रमाणपत्र प्रदान गर्ने घोषणा गर्नु भएको थियो। कम्पनीले राष्ट्रिय खेलाडी रत्नजित तामाङ र सीमा राजबंशीलाई उहाँहरुले प्रयोग गर्ने नेपाल टेलिकमको मोबाइलमा मासिक ५ जीबीका दरले वार्षिक ६०/६० जीबी डाटा उपलब्ध गराउने भएको छ।

कुमारी बैंक काठमाडौं टिम च्याम्पियनसिप कर्पोरेट ब्याडमिन्टनको उपाधि नेपाल टेलिकमले जितेको हो। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको फाइनलमा सिल्क ग्रुपलाई नेपाल टेलिकमले हराएको थियो। प्रतियोगितामा नेपाल टेलिकमका साथै कुमारी बैक, कान्तिपुर पब्लिकेशन्स, नेपाल आयल निगम, सिल्क ग्रुप, आईएमई ग्रुप, विद्युत् प्राधिकरण र नेपाल राष्ट्र बैंक गरी आठ वटा कर्पोरेट हाउसको सहभागिता रहेको थियो। प्रतियोगितामा राष्ट्रिय वरीयतामा शीर्ष आठभित्र परेका पुरुष र महिला खेलाडीहरू एक/एक जनाको दरले हरेक कर्पोरेट टोलीमा गोलाप्रथाबाट छानिएका थिए। पुरुष सिंगल्स, महिला सिंगल्स, कर्पोरेट डबल्स, पुरुष डबल्स र महिला डबल्स गरी पाँच विधामा समूहगत रूपमा प्रतिस्पर्धा भएको थियो। सो प्रतियोगितामा राष्ट्रिय वरीयतामा शीर्ष एकका पुरुष रत्नजित तामाङ र शीर्ष नवौंकी महिला सीमा राजबंशी नेपाल टेलिकमका लागि गोलाप्रथाबाट छानिएका थिए।

प्रतियोगितामा टेलिकमको तर्फबाट खेलाडीको रुपमा कम्पनी सचिव राजेन्द्र श्रेष्ठ र बरिष्ठ इन्जिनियर हरिकृष्ण शर्माका साथै सुरेन्द्र कार्की, शोभाखर भण्डारी र गुड्डी कार्कीको सहभागिता रहेको थियो।

फाइनल खेलमा पुरुष एकलमा टेलिकमका रत्नजित तामाङले सिल्क ग्रुपका विकास श्रेष्ठमाथि २१-१८, २१-१३ को जित निकालेका थिए भने महिला एकलको दोस्रो खेलमा सिल्ककी अनुमाया राईले टेलिकमकी सीमा राजबंशीमाथि २१-१४, २१-१५ को जित निकालिन्। साथै, कर्पोरेट पुरुष युगलको तेस्रो खेलमा टेलिकमका सुरेन्द्र सिंह कार्की र हरिकृष्ण शर्माको जोडीले सिल्कका सुवाश अधिकारी र रमेश शेर्पाको जोडीलाई २१-१२, २१-५ ले हराइ नेपाल टेलिकम कर्पोरेट ब्याडमिन्टन उपाधि विजेता बनेको थियो। सो खेलमा दोस्रो उपाधि सिल्क ग्रुप र तेस्रो उपाधि विद्युत् प्राधिकरणले प्राप्त गरेका थिए।

कुमारी बैंकको मुख्य प्रायोजन रहेको च्याम्पियनसिपका विजयी टिमले १५ केजीको आठ लाख रुपियाँ बराबरको चाँदीको चार सटल रहेको रनिङ ट्रफी र मेडल पुरस्कार प्राप्त गरेका थिए। दुई समूहमा विभाजन गरी आयोजित प्रतियोगितामा विजेताले ७५ हजार, उपविजेताले ६० हजार, तेस्रो हुनेले ५५ हजार र चौथो हुने टोलीले ४७ हजार ५ सय रुपैयाँ पुरस्कार पाएका थिए। वरीयतामा रहेका राष्ट्रिय खेलाडीहरूले अनुबन्ध भएलगत्तै २० हजार रुपैया पाएका थिए भने हरेक खेलमा २ हजार ५ सय म्याच फी पाएका थिए।

## एफटीटीएच सेवा विस्तारका लागि उपकरण खरिद गरिने



नेपाल टेलिकमले एउटै तारबाट फोन, इन्टरनेट र टेलिभिजन (ट्रिपल प्ले सर्भिस) प्रयोग गर्न सकिने एफटीटीएच सेवाको मुलुकभर क्षमता विस्तार गरिरहेको छ। यस क्रममै थप एक लाख ५० हजार क्षमताको एफटीटीएच लाइन जडान (नयाँ तथा ल्याण्डलाइनको प्रतिस्थापन) कार्यको लागि गत माघ १८ गते नेपाल टेलिकम र एमएस सिचुवान टियानी कोमहर्ट टेलिकम कम्पनी लिमिटेडबीच सम्झौता सम्पन्न भएको छ। नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक प्रतिभा वैद्य र सो कम्पनीको नेपाल प्रतिनिधि प्रिज्म इन्टरनेसनल इन्जिनियरिङ नेपाल प्राइभेट लिमिटेडका प्रबन्ध निर्देशक सञ्जिव स्थापितले GPON, XGPON ONT and Accessories खरिद गर्नेसम्बन्धी सो सम्झौतामा हस्ताक्षर गर्नुभएको हो। हाल २ लाख २८ हजार ५ सय एफटीटीएच सेवा वितरण भइसकेको छ भने आइपीटिभी सेवाको विस्तार ६ प्रदेशका ४२ जिल्लामा भइसकेको छ।

## ४५ लाख पोस्टपेड सिमकार्ड खरिद सम्झौता सम्पन्न



नेपाल टेलिकमले थप ४५ लाख फोरजी सिमकार्ड खरिद गर्ने भएको छ। यसका लागि नेपाल टेलिकम र आपूर्तिकर्ता M/S Chutian Dragon Company Limited, China बीच सिमकार्ड खरिदसम्बन्धी सम्झौता सम्पन्न भएको छ। नेपाल टेलिकमको तर्फबाट कम्पनीका निमित्त प्रबन्ध निर्देशक प्रतिभा वैद्य र आपूर्तिकर्ता कम्पनीका तर्फबाट निजको नेपालस्थित स्थानीय प्रतिनिधि M/S International Business Network Pvt. Ltd. का सहायक जनरल म्यानेजर राजकुमार नायडुले गत माघ २१ गते उक्त सम्झौतामा हस्ताक्षर गर्नुभयो।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal